# ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८२ सहित)

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७६।०२।२२

**संशोधन**

ब्याक हो लोडर सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ २०८२।०३।०५

**प्रस्तावना** : कविलासी नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरुमा प्रयोग गर्नका लागि यस कार्यालयको नाममा रहेको ब्याक हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहयका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी यो ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्याविधि, २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्याविधिको नाम “ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्याविधि, २०७५” रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

ख) “नियमावली” भन्नलो स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आधार मानी कार्यान्वयनमा आउने नियमावली लाई सम्झनु पर्छ ।

ग) “नगरपालिका” भन्नाले कविलासी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) “नगर सभा” भन्नाले कविलासी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

ङ) “प्रमुख” भन्नाले कविलासी नगर कार्यापालिकाको प्रमुखलाई सम्भनु पर्छ ।

च) “उपप्रमुख” भन्नाले कविलासी नगर कार्यपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

छ) “नगर कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २(ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

---

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कविलासी नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

झ) “वडा अध्यक्ष” भन्नाले कविलासी नगरपालिकाका वडा अध्यक्षहरुलाई सम्झनु पर्छ ।

ञ) “इन्जिनियर” भन्नाले कविलासी नगर कार्यपालिका कार्यालयको इन्जिनियर लाई सम्झनु पर्छ ।

ट) “कार्यालय” भन्नाले कविलासी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**३. उदेश्य**

कविलासी नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरु, स्थानीय नगरबासी, संघ, संस्था तथा अन्य विकास आयोजनाहरु तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुका विकास कार्यक्रमहरुमा माग भए अनुसार प्राथमिकताका आधारमा ब्याक हो लोडर प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्याविधिको प्रमुख उदेश्य रहने छ ।

**४. सञ्चालन विधि**

कविलासी नगर कार्यपालिकाको कार्यालयमा रहेको ब्याक हो लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भए पश्चाात् मात्र फिल्डमा खटाइनेछ ।

क) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

ख) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाबाट माग निवेदन उपर नगर प्रमुख/कार्यालय प्रमुखबाट आदेश भए पश्चात् के-कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको नगर कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

ग) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाए पश्चात नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईनेछ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ ।

घ) ब्याक हो लोडर अपरेटरलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विशेषमा मेशिन लगी काम गर्ने गराउने अधिकार रहने छैन ।

ङ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

---

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

च) मेशिन प्रयोग गरे बापतको शुल्क दफा ६ बमोजिम हुनेछ ।

छ) मेशिन फिल्डमा खटाउदा कार्याल कम्पाउण्ड देखि काम सम्पन्न गरी पुन: कार्यालय फिर्ता भए सम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात् मेशिन अपरेटरले कामको विवरण सहित मिटरको तोकिए बमोजिमको अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

झ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरु तथा सवारी लग बुकको व्यवस्था गरिने छ ।

ञ) नगर कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

ट) ब्याक हो लोडर माग र्ने व्यक्ति वा संघ संस्थाले ब्याक हो लोडर शुल्क बुझाउदा कविलासी नगरपालिका कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गर्नु पर्ने वा यस कार्यालयको नाममा एनआईसी एशिया बैंक लिमिटेड, कविलासीमा रहेको धरौटी खाता नं.D7CA050685252408 मा रकम जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

ठ) ब्याक हो लोडर काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोग कर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखा वा ब्याक हहो लोडर जिम्मा लिने पदाधिकारीको सिफारिसका आधारमा मात्र नगर प्रमुख/कार्यालय प्रमुखको आदेशको आधकारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्धारा फिर्ता गरिनेछ ।

ण) नगरपालिकाले आफ्नो कार्यको लागि ब्याक हो लोडर प्रयोग गर्दा यो व्यवस्था लागु हुने छैन ।

$(त) नगरपालिकाले आफ्नो कार्यको लागि एवं सार्वजनिक, सामुहिक, महोत्सव, प्राकृतिक विपद् जस्ता आदी कार्यको लागि ब्याक हो लोडर प्रयोग गर्दा फिल्डमा नगर प्रमुखको आदेशमा खटाइनेछ र सो कार्य वापत मेशिनमा लाग्ने इन्धन कार्यालयले उपलब्ध गराउनेछ ।

**५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था**

क) ब्याक हो लोडर अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत ब्याक हो लोडर अपरेटरले तयार गरी इन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

---

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

ग) ब्याक हाहे लोडर बिग्रिएमा बिग्रिएको लिखित जानकारी अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गनुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत सम्भार को कार्य गरिनेछ ।

घ) मर्मत सम्भारको कार्य गर्दा गराउँदा ब्याक हो लोडर अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

ङ) ब्याक हो लोडरबाट प्राप्त भएको आम्दानी लाई छुट्टै अभिलेख राखिनेछ । उक्त रकमबाट आवश्यक पर्ने इन्धन कर्मचारी खर्च र मर्मतको लागि खर्च गर्न सकिनेछ ।

**&६. ब्याक हो लोडर सञ्चालन शुल्कः-** कुनै व्यक्तिः वा संघ संस्थाबाट ब्याक हो लोडर माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ वा नगरपालिकाको आर्थिक ऐनमा अन्यथा भएमा सोही बमोजिम हुनेछ ।

| सि.नं. | कामको प्रकार | इन्धन लगायत अन्य खर्च सहित (प्रतिघण्टा) रु. |
|---|---|---|
| १ | कविलासी नगरपालिका क्षेत्र भित्र नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | २,२०० |
| २ | कविलासी नगरपालिका क्षेत्र भित्र अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित योजनाहरु वा व्यक्तिगत प्रयोग | २,३०० |
| ३ | कविलासी नगरपालिका क्षेत्र भन्दा बाहिर अन्य स्थानीय तहका क्षेत्र भित्र भएका योजनाहरु तथा व्यक्तिगत प्रयोग | २,५०० |

ब्याक हो लोडर अपरेटर र सहयोगी कर्मचारीलाई खाजा खाना तथा वास बस्नु परेमा सोको व्यवस्था गर्ने दायित्व सम्बन्धित प्रयोगकर्ताको हुनेछ ।

**७. कर्मचारी व्यवस्था**

क) ब्याक हो लोडर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर १ जना प्रचलित कानून बमोजिम सेवा करार गरिनेछ ।

ख) अपरेटरले कार्यालयबाट दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

**८. ब्याक हो लोडर व्यवस्थापन तथा सञ्चालन समिति**

---

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

क) ब्याक हो लोडर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको नगर प्रमुखको संयोजकत्वमा एक समिति रहने छ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यपालिका सदस्य (३ जना) | सदस्य |
| ईन्जिनियर | सदस्य |
| जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिले ब्याक हो लोडर सञ्चालन शुल्कको पुनरावलोकन, मेसिन सञ्चालन तथा व्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्ने छ ।

## ९. विविध

क) मेशिनको माईल मिटर, घण्टा, मिनेट लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व ब्याक हो लोडर अपरेटरको हुनेछ ।

ख) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुर्याउनका लागि आवश्यक परेको खण्डमा १ जना सहयोगी समेतको व्यवस्था गर्न सकिने छ । यसरी खटिने सहयोगीले जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा ज्याला पाउने व्यवस्था मिलाईनेछ ।

ग) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । नगरपालिकाका इन्जिनियर वा भण्डार प्रमुखले समेत मेशिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ ।

घ) मेशिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनियरको हुनेछ ।

ङ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गनुपर्ने भएमा नगर कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

च) मेशिनलाई क्षति नहुने गरी तोकिएको कार्य गर्नु पर्ने दायित्व चालकको हुनेछ । ठूला ठूला रुख, ढलान आदी भत्काउने कार्य चालकले नगरपालिकामा जानकारी गराएर प्राप्त निर्देशन बमोजिम मात्र गर्नु पर्नेछ ।

---

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

अनुसूची १

मिति :..............................

श्रीमान् नगर प्रमुखज्यू,
कविलासी नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

विषय : ब्याक हो लोडर उपलब्ध गरी पाउँ ।

कविलासी नगर कार्यपालिकाको कार्यालयको ब्याक हो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु /छौं ।

नियमानुसार लाग्ने शुल्क लिई ब्याक हो लोडर उपलब्ध गराई पाउँ ।

**ब्याक हो लोडर माग गर्नेले भर्ने**

| ब्याक हो लोडर माग गर्नेको नाम, ठेगाना | कामको विवरण | ब्याक हो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................
माग गर्नेको दस्तखत

**नगर कार्यपालिकाको कार्यालयको तर्फबाट भर्ने**

| माँग गरिएको मिति | जाँदा लाग्ने अनुमानित समय | फर्किदा लाग्ने अनुमानित समय | माँग गरिएको अनुमानित समय | प्रयोग हुने कुल अनुमानित समय | जम्मा शुल्क |
|---|---|---|---|---|---|
| | | | | | |

.......................                                   .........................

ईन्जिनियर                                   प्रमुख प्रशासकीय अधिकृत

**राजश्व शाखाले भर्ने**

| रसिद नं.र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

....................

नगर प्रमुख

---

& पहिलो संशोधनद्वारा संशोधित
$ पहिलो संशोधनद्वारा थप

अनुसूची २

**(ब्याक हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा)**

श्रीमान् प्रमुखज्यू,

कविलासी नगर कार्यपालिकाको कार्यालय

कविलासी, सर्लाही ।

विषय : ब्याक हो लोडर मर्मत सम्बन्धमा ।

महोदय,

यस कविलासी नगरपालिकाको ब्याक हो लोडरको तपशिलको पार्ट्समा खराबी आई सञ्चालनमा बाधा परेकोले चेक जाँच गराई मर्मतको व्यवस्था मिलाई दिनु हुन यो निवेदन गर्दछु । श्रीमानको जो आदेश ।

| सि.नं. | समस्या आएको सामान वा पार्ट्सको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दस्तखत : ........

मेशिन अपरेटरको नाम :

ईन्जिनियरले भर्ने :

उपरोक्त सामान फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकाले सिफारिस गर्दछु ।

दस्तखत : ............

---

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

अनुसूची ३

कविलासी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कविलासी, सर्लाही

**ब्याक हो लोडर सञ्चालन लगबुक**

| सि.नं. | मिति | कामको विवरण | शुरु अंक ( घण्ट मिनेट) | अन्तिम अंक ( घण्ट मिनेट) | जम्मा (घण्ट मिनेट) | इन्धन खर्च (अनुमानित) | अन्य खर्च | चालकको हस्ताक्षर | उ.स.बाट प्रमाणित गर्नेको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सिफारिस गर्ने : रुजु गर्ने : प्रमाणित गर्ने :

ईन्जिनियर लेखा प्रमुख प्रशासकीय अधिकृत

& पहिलो संशोधनद्वारा संशोधित

$ पहिलो संशोधनद्वारा थप

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/११/१० गते**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

| | |
|---|---|
| **कविलासी नगरपालिकाद्वारा प्रकाशित** | **मूल्य रु. १०/-** |

& पहिलो संशोधनद्वारा संशोधित
$ पहिलो संशोधनद्वारा थप